नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**परिवार कल्याण महाशाखा**

फोन नं. ५३६२२७३
Web Site: www.fwd.gov.np
Email Address: fwdnip2035@gmail.com

प.सं. २०७८/०७९ च.नं. ९४

टेकु, काठमाडौं, नेपाल ।

मिति:२०७९/०४/०४

श्री स्वास्थ्य कार्यालय ७७ वटै ।

**विषयः ५ देखि ११ वर्षका बालबालिकाहरूको फाइजर खोपको रिपोर्टिङ सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा नेपाल सरकार स्वास्थ्य जनसंख्या मन्त्रालयको निर्णय अनुसार ५-११ वर्षका बालबालिकाहरूको लागि फाइजर बायोएनटेक खोप तोकिएका २७ जिल्लाहरूमा २०७९ असार ९ गतेबाट संचालन गरिसकिएको तथा बाँकी ५० जिल्लाहरूमा आउदो २०७९ भाद्र ५ गते देखि ११ गतेसम्म संचालन हुने भएको व्यहोरा अनुरोध छ । उक्त **फाइजर खोपको रिपोर्टिङ सम्बन्धमा यस अघि तालिम तथा सुक्ष्म योजनामा जानकारी गराइए अनुसार तपसिल बमोजिम स्थानीय तहबाट DHIS-2 मा तथ्याङ्क प्रविष्टिका** निम्ति सहजिकरणका लागि अनुरोध छ ।

<u>तपसिल</u>

१. ५-११ वर्षको फाइजर खोप अभियानको **DHIS-2 मा Daily Reporting Data Set को list मा data set थपिएको** छ ।

२. उक्त अभियानको प्रगति प्रविष्ट गर्न **अभियान समपन्न भए पछि Daily Reporting Data Set खोल्ने र Data Entry गर्न २०७९ साल श्रावण २ गतेको मिति Select गरे पछि मात्र Data Entry** हुन्छ ।

*नोट*

- २०७९ साल श्रावण २ गते **पछि संचालन हुने अभियानको समेत सोही प्रकृयाबाट २०७९/४/२ को मितिमा select गरी data entry गर्नुपर्ने** हुन्छ ।
- **वडाले टयाली सिटबाट फारम नं. १ मा प्रगति उतार गरी** स्थानीय तहमा पठाउने र स्थानीय तहले सबै वडाको फारम नं. १ बाट **फारम नं. २ मा समायोजन गरी सो बाट DHIS-2 मा प्रविष्ट गर्ने** साथै **फारम नं. २ को एक प्रति स्वास्थ्य कार्यालयमा पठाउने** ।

........................
(संजय कुमार महासेठ)
जनस्वास्थ्य अधिकृत
परिवार कल्याण महाशाखा

<u>बोधार्थः</u>

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्रीमान् महानिर्देशकज्यू, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ।
श्री स्वास्थ्य/स्वास्थ्य तथा जनसंख्या/ स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण/सामाजिक विकास मन्त्रालय ७ वटै प्रदेश ।
श्री प्रदेश स्वास्थ्य निर्देशनालय ७ वटै प्रदेश।

CamScanner